मिति २०७७ साल बैशाख ०४ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री गोविन्द बहादुर पौडेल ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

**प्रस्तावित विषयहरु:-**

१. गत बैठकको समिक्षा सम्बन्धमा।
२. राहत पाउने व्यक्तिको लगत सम्बन्धमा।
३. स्वास्थ्य सामाग्री सम्बन्धमा।
४. राहत वितरण प्रणालि सम्बन्धमा।
५. राहत सामाग्रि खरिदको बजेट सम्बन्धमा।
६. राहत सामाग्रि खरिद र वितरण सम्बन्धमा।
७. विविध।

**निर्णयहरु:-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि व्यापक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः कार्यान्वयन भई रहेको अवश्थामा अझ यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी अगाडि बढ्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि व्यापक छलफल गर्दा विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराउने राहत, असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराउने राहत सम्वन्धि मापदण्ड, २०७६ बमोजिम यस गाउँपालिका अन्तरगत वडा कार्यालयबाट संकलन भएको राहत पाउने व्यक्ति/परिवारको लगत देहाय बमोजिम रहेको र ति लगतलाई वडा कार्यालयबाट फेरी प्राथमिकताका आधारमा चार तहमा वर्गिकरण गरी लगत पठाउने सर्वसम्मतबाट निर्णय गरियो।

| क्र.स. | वडा नं. | लगत संख्या | कैफियत |
|---|---|---|---|
| १ | १(एक) | ५५ | |
| २ | २(दुई) | १६२ | |
| ३ | ३(तीन) | ९५ | |
| ४ | ४(चार) | १५० | |
| ५ | ५(पाँच) | १५० | |
| ६ | ६(छ) | ११८ | |

| | | | |
|---|---|---|---|
| ७ | ७(सात) | ११० | |
| ८ | ८(आठ) | ११३ | |
| ९ | ९(नौ) | १६४ | |

३. **निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि व्यापक छलफल गर्दा विश्व माहामारीको रुपमा फैलिरहेको कोरोना भाईरस (COVID-19) को प्रकोपलाई रोकथाम तथा नियन्त्रणका लागि विभिन्न संस्था तथा व्यक्तिहरुले यस लिखु गाउँपालिकामा प्रदान गरेका देहायका सामाग्रिहरुको वितरण प्रकृया पारदर्शि ढंगले आधारभूत सरसफाई तथा स्वास्थ्य कार्यालय तथा वडा कार्यालयहरुबाट आवश्यकता अनुरुप वितरण गर्ने सर्वसम्मतबाट निर्णय गरियो। स्वास्थ्य सामग्रि उपलव्ध गराउने संस्था तथा व्यक्तिहरुलाई यस गाउँपालिकाको तर्फबाट धन्यबाद ज्ञापन गर्दछौ।

| क्र.स. | सामानको विवरण | परिमाण | प्रदान गर्ने संस्था तथा व्यक्तिको नाम | मिति |
|---|---|---|---|---|
| १ | माक्स | १००० थान | पूर्व माननिय रामहरी खतिवडा | २०७६/१२/२७ |
| | | १७०० थान | पोकलि झरना | २०७७/०१/०३ |
| | | ५०० थान | माननिय यज्ञराज सुनुवार | २०७७/०१/०३ |
| | | ५०० थान | लाईन्स क्लब | २०७७/०१/०३ |
| | जम्मा | ३७०० | | |
| २ | साबुन | १००० थान | यसम सेवा समाज | २०७७/०१/०३ |
| | | ६०० थान | माननिय यज्ञराज सुनुवार | २०७७/०१/०३ |
| | | ६०३ थान | लाईन्स क्लब | २०७७/०१/०३ |
| | | २०० थान | ट्रेड युनियन अध्यक्ष खिला दाहाल | २०७७/०१/०३ |
| | जम्मा | २४०३ | | |
| ३ | PPE Set | २ थान | पूर्व माननिय रामहरी खतिवडा | २०७६/१२/२७ |
| | | ७ थान | पोकलि झरना | २०७७/०१/०३ |
| | | ५ थान | लाईन्स क्लब | २०७७/०१/०३ |
| | जम्मा | १४ थान | | |
| ४ | Hand Wash | ४८ थान | माननिय यज्ञराज सुनुवार | २०७७/०१/०३ |
| | जम्मा | ४८ थान | | |
| ५ | सेनिटाईजर | १४ थान | लाईन्स क्लब | २०७७/०१/०३ |
| | जम्मा | १४ थान | | |
| ६ | पञ्जा | २०० थान | लाईन्स क्लब | २०७७/०१/०३ |
| | | ५०० थान | ट्रेड युनियन अध्यक्ष खिला दाहाल | २०७७/०१/०३ |
| | जम्मा | ७०० थान | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | औषधि | २ कार्टुन | लाईन्स क्लब | २०७७/०१/०३ |
| | जम्मा | २ कार्टुन | | |

४. **निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि व्यापक छलफल गर्दा राहत वितरणको लागि एक द्वार प्रणालिबाट वितरण गर्ने साथै अन्य संस्था तथा व्यक्तिहरुले राहत प्रदान गर्दा यस गाउँपालिका तथा मातहतका वडा कार्यालय संग समन्वय गरी मात्र सामाग्रि प्रदान गर्नु पर्ने सर्वसम्मतबाट निर्णय गरियो। अन्यथा स्व्यम व्यक्ति तथा संस्था सो कार्यको लागि जिम्वेवार रहनु पर्नेछ।

५. **निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि व्यापक छलफल गर्दा राहत सामाग्रि खरिदको लागि विपद् व्यावस्थापन कोषबाट रकम खर्च गर्ने र नपुग रकम अर्को बैठकबाट थप निर्णय गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि व्यापक छलफल गर्दा हालको अवश्थालाई मध्यनजर गरी प्रथम चरणमा लिखु गाउँपालिका बासि सम्पूर्ण जनसमुदायहरुलाई देहायका सामाग्रि तत्काल वितरण गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

| क्र.स. | विवरण | ईकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | साबुन | थान | ४ | प्रति परिवार |
| २ | माक्स | थान | ५ | प्रति परिवार |

७. **निर्णय नं. ७,** प्रस्ताव नं. ७ माथि व्यापक छलफल गर्दा कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो।